प्रति साधारण शेयर रु.१००/– अंकित दरका ८६,००० कित्ता मध्ये १,००० कित्ता अर्थात जारी पूँजीको ०.५% शेयर कर्मचारीहरुलाई र ४,३०० कित्ता अर्थात कुल निष्काशनको ५% शेयर सामूहिक लगानी कोषको लागि सुरक्षित गरिएको र बाँकी ८०,७०० कित्ता शेयर सर्वसाधारणमा निष्काशन गरिएको ।

दरखास्त दिनुपर्ने न्यूनतम कित्ता	: १० कित्ता
दरखास्त दिनपाउने अधिकतम कित्ता	: ५,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/– प्रति शेयरको दरले

समाज लघुवित्त वित्तीय संस्था लिमिटेड
Samaj Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था (३ जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय मलंगवा १०, सर्लाही
फोन न. ०४६५२१७९५
इमेलः samajlbsl@gmail.com, वेभसाइटः www.samajlaghubitta.org.np

को

आह्वान–पत्र

यो विवरण–पत्र नभई केवल आह्वान–पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	: २०७७/०५/०४ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७७/०५/०८ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७७/०५/१८ गते (बैंकिङ्ग समय पश्चात्)

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
प्रति शेयर आम्दानी (EPS)	(३.४०)	(१८.६६)	(१८.६८)	२३.००	२२.२३	२२.८३
प्रति शेयर नेटवर्थ	९१.८५	८५.८२	६७.१४	१०२.३६	१२४.५८	१४७.४१
संचित मुनाफा/(नोक्सान) (रु.हजारमा)	(४६४)	(१६१७)	(३७४६)	१२६५	४८१७	८४६७

क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

यस लघुवित्त वित्तीय संस्थालाई कियर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP B+ (Is) [Single B Plus (Issuer)] " रेटिङ्ग प्रदान गरेको छ। (Issuers with this rating are considered to offer high risk of default regarding timely servicing of financial obligations, in Nepal) सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ण) मा उल्लेख गरिएको छ।
रेटिङ्ग प्रदान गरेको मिति : जुलाई २४, २०२० रेटिङ्ग बहाल रहेन अबधीः रेटिङ्ग प्रदान गरेको मितिले १ (एक) वर्ष ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७७/०४/२१, नेपाल राष्ट्र बैंकमा विवरण-पत्र दर्ता भएको मिति २०७७/०४/२३ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७७/०४/२५ गते ।

१. संस्थाको नाम : समाज लघुवित्त वित्तीय संस्था लिमिटेड (SAMAJ LAGHUBITTA BITTIYA SANSTHA LIMITED) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय सर्लाही जिल्ला मलंगवा नगरपालिका वडा नं. १०, सर्लाहीमा रहेको छ ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस वित्तीय संस्थाको कारोवार स्थान ३ जिल्ला सर्लाही, महोत्तरी र धनुषा जिल्ला भरि हुनेछ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र भित्रमा शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ। यस वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले स्वीकृत गरेअनुसार देहायका स्थानहरुमा रहेको शाखा कार्यालयहरुबाट आफ्नो कारोवार सञ्चालन गर्दै आएको छ :

क्र.सं.	शाखा कार्यालय	शाखा रहेको स्थानिय तह, जिल्ला र प्रदेश
१.	शाखा कार्यालय, मलंगवा	मलगंवा नगरपालिका वडा नं. १०, सर्लाही, प्रदेश नं. २
२.	शाखा कार्यालय, सिसौट	रामनगर गा.पा. वडा नं. ६, सर्लाही, प्रदेश नं. २
३.	शाखा कार्यालय, सोनमा	सोनमा गा.पा. वडा नं. २, महोत्तरी, प्रदेश नं. २
४.	शाखा कार्यालय, परौल	बलवा नगरपालिका वडा नं. ३, महोत्तरी, प्रदेश नं. २
५.	शाखा कार्यालय, घोडघाँस	नगराइन नगरपालिका वडा नं.९, धनुषा, प्रदेश नं. २

५. संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र मुख्य उद्देश्यहरु :

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ : समाज लघुवित्त वित्तीय संस्था २०७४/०१/२० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो । यस वित्तीय संस्थाले मिति २०७५/०१/०२ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी मिति २०७५/०१/२० गतेका दिनदेखि औपचारिक रुपले कारोवार शुभारम्भ गरेको यस वित्तीय संस्थाको कार्य क्षेत्र सर्लाही, महोत्तरी र धनुषा जिल्ला रहेका छन् । यस वित्तीय संस्थाका संस्थापक तथा सञ्चालकहरुमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, ईन्जिनियरिङ्ग, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरु रहनु भएको छ। कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७६/११/२७ पत्रअनुसार आ.व. २०७५/७६ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था अद्यावधिक रहेको छ।

वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख भए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने ।
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषिक्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास विस्तार एवं प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,
(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मदत पुऱ्याई देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने,
(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

६. संस्थाको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : वित्तीय संस्थाको अधिकृत पूँजी रु.४,००,००,०००/- (अक्षरेपी चार करोड) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले ४,००,००० (चार लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ।
जारी पूँजी : वित्तीय संस्थाको तत्काल जारी पूँजी रु.२,००,००,०००/- (अक्षरेपी दुई करोड) रहेको छ। उक्त पूँजीलाई रु.१००/- का दरले २००,००० (दुई लाख) थान शेयरमा विभाजन गरिएको छ।
चुक्ता पूँजी : वित्तीय संस्थाको हाल चुक्ता पूँजी रु.१,१४,००,०००/- (अक्षरेपी एक करोड चौध लाख) रहेको छ जसलाई रु.१००/- का दरले १,१४,००० (एक लाख चौध हजार) थान शेयरमा विभाजन गरिएको छ।
यस विवरणपत्र मार्फत सर्वसाधारणलाई रु.८६,००,०००/- (अक्षरेपी छ्यासी लाख) रकम बराबरको शेयरको निष्काशन पश्चात् संस्थाको चुक्ता पूँजी रु.२,००,००,०००/- (अक्षरेपी दुई करोड) हुनेछ।

अधिकृत, जारी तथा चुक्ता पूँजीमा भईआएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :

पूँजी सम्बन्धी विवरण	२०७३/०७४	२०७४/०७५
अधिकृत पूँजी	४,००,००,०००	४,००,००,०००
जारी पूँजी	२,००,००,०००	२,००,००,०००
चुक्ता पूँजी	५,७००,०००	१,१४,००,०००

७. सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम रु.	भुक्तानी प्रतिशत
क	संस्थापक समूह	१,१४,०००	५७%	१,१४,००,०००	शत प्रतिशत
ख	सर्वसाधारण (कर्मचारी समेत) समूह	८६०००	४३%	८६,००,०००	निष्काशन पश्चात् शत प्रतिशत हुने
	जम्मा	२,००,०००	१००%	२,००,००,०००	

८. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

समाज लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

समूह 'क' मा रहेका संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित	४ (चार) जना
समूह 'ख' मा रहेका सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित	२ (दुई) जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक	१ (एक) जना
जम्मा	७ जना

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यवस्था : यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको संचालक पदमा नियुक्त हनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा ५० कित्ता शेयर लिएको हुनुपर्नेछ ।

तर, स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

९. संचालक तथा आधारभुत शेयरधनीहरुको विवरण :

आधारभुत शेयरधनीहरुको विवरण

सि.नं.	नाम	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१.	श्री सरोज कुमार महतो	सञ्चालक	४४	नेपाली	१२,०००	बि.कम.	१५ बर्षदेखि चमेली गला भण्डारको प्रोप्राइटर भई सञ्चालन गरेको अनुभव ।
२.	श्री जितु महतो	संस्थापक	४३	नेपाली	६,०००	बि.एससी.	लेखापरीक्षक पेशामा १५ वर्ष कार्य गरेको ।
३.	डा. सुरेन्द्र कुमार यादव	संस्थापक	४८	नेपाली	१०,०००	एम.डी.	१० वर्ष सरकारी तथा १० वर्ष प्राइभेट नर्सिङ्ग होमको कार्यअनुभव ।
४.	श्री सन्तोषी महतो	संस्थापक	४८	नेपाली	६,०००	बि.एड.	२० वर्ष एलआसीको एजेन्ट रही कार्य गरेको ।
५.	श्रीमती सावित्री महतो	संस्थापक	४४	नेपाली	२८,०००	एसएलसी	गृहिणी ।

सञ्चालकहरुको विवरणः

सि.नं.	नाम र ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	व्यापार/ व्यवसाय	अनुभव (पूर्व र हाल कार्यरत)
१.	श्री दिलिप कुमार धौभडेल, सिराहा	अध्यक्ष	६४	नेपाली	२,०००	एमएसी	नभएको	कृषि विकास बैंक लिमिटेडमा १६ बर्ष शाखा अधिकृत (७ तह), ११ बर्ष शाखा प्रमूख (९ तह) भई जम्मा २७ वर्षको कार्यानुभव ।
२.	श्री हरि नारायण महतो, धनुषा	सञ्चालक	६५	नेपाली	२,०००	बिएससी	नभएको	नेपाल सरकारको जलश्रोत मन्त्रालयमा हाइड्रोलोजिकल इन्जीनियरमा २५ बर्ष, विज्ञान तथा प्रविधि मन्त्रालयमा हाइड्रोलोजिकल इन्जीनियर भई १० बर्ष, गरी जम्मा ३५ बर्षको कार्यानुभव ।
३.	श्री महेश कुमार पूर्वे, मोरङ्ग	सञ्चालक	५५	नेपाली	२,०००	बि.कम.	नभएको	विशाल ग्रुपमा लेखा अधिकृत भई ५ बर्ष, राठ्ी ग्रुपमा लेखा अधिकृत भई ७ बर्ष, केएल डुगर ग्रुपमा लेखा अधिकृत भई ८ बर्ष गरी जम्मा २० बर्षको कार्यानुभव ।
४.	श्री सरोज कुमार महतो, सर्लाही	सञ्चालक	४४	नेपाली	१२,०००	बि.कम.	चमेली गला भण्डार, सर्लाही	१५ बर्षदेखि चमेली गला भण्डारको प्रोप्राइटर भई सञ्चालन गरेको अनुभव ।
५.	श्री विनय राज पौड्याल, काठमाडौं	स्वतन्त्र सञ्चालक	६३	नेपाली	-	बिएल	नभएको	कृषि विकास बैंक लिमिटेडमा १७ बर्ष कानुन अधिकृत (७ तह), १० बर्ष शाखा प्रमूख (९ तह) गरी जम्मा २७ वर्षको कार्यानुभव ।

संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरणः

क्र.सं.	नाम	पद	योग्यता	कार्यानुभव
१.	श्री किशोरी महतो	प्रमुख कार्यकारी अधिकृत	एमएससी, बिएल	कृषि विकास बैंक लिमिटेडमा २८ वर्षको कार्यानुभव ।
२.	श्री रोशन गुरुङ्ग	बरिष्ठ प्रबन्धक	एमए, विविएस	छिमेक लघुवित्त वित्तीय संस्थामा ४.५ वर्ष, आदर्श सहकारीमा १ वर्ष मुक्तिनाथ विकास बैंक लिमिटेड २ वर्ष, समता लघुवित्त वित्तीय संस्था लिमिटेडमा ५ वर्ष, समाज लघुवित्त संस्थामा १ वर्षको कार्यानुभव गरी जम्मा १३.५ बर्षको अनुभव ।
३.	श्री सन्तोष प्रसाद कुशुवाहा	बरिष्ठ सहायक	प्लस टु	स्वरोजगार लघुवित्त वित्तीय संस्थामा १.५ वर्ष, वोमी लघुवित्त वित्तीय संस्था, जनकपुर लघुवित्त वित्तीय संस्था लिमिटेड ११ महिनाको कार्यानुभव ।

नोटः उल्लेखित कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभुत शेयरधनी नरहेको तथा उनिहरुको अन्य कुनै संगठित संस्थामा लगानी नरहेको ।

१०. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस वित्तीय संस्थाको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

११. धितोपत्र जारी गर्नुको उद्देश्य :

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुरुप कम्तिमा ३०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने भएको र सोही बमोजिम वित्तीय संस्थाको प्रवन्ध-पत्रमा जारी पूँजीको ४३% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप रु.८६,००,०००/- शेयर पूँजी सर्वसाधारण नेपाली नागरिकहरु (कर्मचारी समेत) लाई बिक्री वितरण गरी वित्तीय संस्थाको संचालनमा सर्वसाधारणलाई समेत संलग्न गराउन ।
२. वित्तीय संस्थाले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
३. वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पुँजी संकलन गर्न ।

१२. वित्तीय संस्थाको विगत तीन वर्षको लेखापरीक्षण भएको तथा आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा–नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु.हजारमा)			अपरिष्कृत
	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	*२०७७ आषाढ मसान्त
१. शेयर पूँजी	५,७००	११,४००	११,४००	११,४००
२. जगेडा तथा कोषहरु	(४६४)	(१,६१७)	(३,७४६)	(१,३१७)
३. ऋणपत्र तथा बन्ड	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	४१,१५१	१३६,२७०
५. निक्षेप दायित्व	-	२०७	६,३००	३१,०९६
६. प्रस्तावित लाभांश	-	-	-	-
७. आयकर दायित्व	-	-	-	-
८. अन्य दायित्व	६८४	१८९	५४७	७५९
कुल पूँजी तथा दायित्व	५,९२०	१०,१८०	५५,६५२	१७८,२०८

सम्पत्ति	वास्तविक (रु.हजारमा)			अपरिष्कृत
	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	*२०७७ आषाढ मसान्त
१. नगद मौज्दात	-	९०	१६	८४६
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	५७०	-	-	-
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	५,३५०	२,१२३	३,८९४	२५,७९४
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-	-
५. लगानी	-	-	-	-
६. कर्जा सापट	-	७,२६४	५०,६५४	१४९,०५९
७. स्थिर सम्पत्ति	-	५६६	९०५	१,४८९
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-
९. अन्य सम्पत्ति	-	१३६	१८३	१,०२०
कुल सम्पत्ति	५,९२०	१०,१८०	५५,६५२	१७८,२०८

नाफा–नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा)			अपरिष्कृत
	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	*२०७७ आषाढ मसान्त
१. ब्याज आम्दानी	-	१५१	३,९९६	१९,३३१
२. ब्याज खर्च	-	१	२,३४६	१२,३६८
खुद ब्याज आम्दानी	-	१५०	१,६५०	६,९६३
३. कमिशन तथा अन्य संचालन आम्दानी	-	९	१,१९६	४,१५३
४. सटही घटबढ आम्दानी	-	-	-	-
कुल संचालन आम्दानी	-	१५९	२,८४६	११,११६
५. कर्मचारी खर्च	१५०	३८१	२,२८०	४,२७९
६. अन्य संचालन खर्च	३१४	८५७	२,२५७	३,३७३
७. सटही घटबढ नोक्सान	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा	(४६४)	(१,०७९)	(१,६९१)	३,४६५
८. सम्भावित नोक्सानी व्यवस्थाहरु	-	७३	७६८	२,२६९
संचालन मुनाफा	(४६४)	(१,१५२)	(२,४५९)	१,१९६
९. गैर संचालन आम्दानी/खर्च	-	-	-	-
१०. सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता	-	-	३३०	१,२३३
नियमित कारोवारबाट भएको मुनाफा	(४६४)	(१,१५२)	(२,१२९)	२,४२८
११. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	(४६४)	(१,१५२)	(२,१२९)	२,४२८
१२. कर्मचारी बोनस व्यवस्था	-	-	-	-
१३. आयकर ब्यबस्था	-	-	-	-
यस वर्षको कर व्यवस्था	-	-	-	-
विगत वर्षसम्मको कर व्यवस्था	-	-	-	-
यस वर्षको स्थगन कर आम्दानी/खर्च	-	-	-	-
खुद नाफा/(नोक्सान)	(४६४)	(१,१५२)	(२,१२९)	२,४२८

*२०७७ आषाढ मसान्तको अपरिस्कृत वित्तीय विवरण ।

नाफा–नोक्सान बाँडफाँड हिसाब

विवरण	वास्तविक (रु.हजारमा)		
	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६
आम्दानी			
१. गत वर्षसम्मको संचित मुनाफा	-	(४६४)	(१,६१७)
२. यस वर्षको मुनाफा	(४६४)	(१,१५२)	(२,१२९)
३. सटही घटबढ कोष	-	-	-
जम्मा	(४६४)	(१,६१७)	(३,७४६)
खर्च			
१. गत वर्षसम्मो संचित नोक्सान	-	-	-
२. यस वर्षको नोक्सान	-	-	-
३. साधारण जगेडा कोष	-	-	-
४. भैपरी आउने जगेडा	-	-	-
५. संस्था विकास कोष	-	-	-
६. लाभांश समिकरण कोष	-	-	-
७. कर्मचारी सम्बन्धी जगेडाहरु	-	-	-
८. प्रस्तावित लाभांश	-	-	-
९. प्रस्तावित बोनस शेयर	-	-	-
१०. विशेष जगेडा कोष	-	-	-
११. सटही घटबढ कोष	-	-	-
१२. पूँजी फिर्ता जगडा कोष	-	-	-
१३. पूँजी समायोजन कोष	-	-	-
१४. स्थगन कर जगेडा	-	-	-
१५. ग्राहक संरक्षण कोष	-	-	-
जम्मा	-	-	-
संचित मुनाफा/(नोक्सान)	(४६४)	(१,६१७)	(३,७४६)

आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :

वासलात

पूँजी तथा दायित्व	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
१. शेयर पूँजी	२०,०००	२०,०००	२०,०००
२. जगेडा तथा कोषहरु	४७१	४,९१७	९,४८२
३. ऋणपत्र तथा बन्ड	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	१६३,५२४	१९६,२२९	२३५,४७४
५. निक्षेप दायित्व	३८,८७०	४८,५८८	६०,७३५
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-
७. प्रस्तावित लाभांश	-	-	-
८. आयकर दायित्व	-	९९३	१,९५७
९. अन्य दायित्व	१,२७४	१,५२९	१,९८७
कुल पूँजी तथा दायित्व	२२४,१३९	२७२,२५५	३२९,६३५

सम्पत्ति	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
१. नगद मौज्दात	१,०५८	१,१३६	१,५५५
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	-	-	-
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	३९,९८१	४१,१८१	४०,७६९
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	-	-	-
५. लगानी	-	-	-
६. कर्जा सापट	१७९,६६३	२२४,५५२	२८०,६५७
७. स्थिर सम्पत्ति	१,९३६	२,३२४	२,७८८
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-
९. अन्य सम्पत्ति	१,५०२	३,०६२	३,८६६
कुल सम्पत्ति	२२४,१३९	२७२,२५५	३२९,६३५

नाफा–नोक्सान हिसाब

विवरण	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
१. ब्याज आम्दानी	२८,२७१	३४,७७२	४२,८७५
२. ब्याज खर्च	१७,०२२	२१,९२३	२६,५०५
खुद ब्याज आम्दानी	११,२४९	१२,८४९	१६,३७१
३. कमिशन तथा अन्य संचालन आम्दानी	४,५६८	५,०५३	५,६०८
४. सटही घटबढ आम्दानी	-	-	-
कुल संचालन आम्दानी	१५,८१७	१७,९०२	२१,९७९
५. कर्मचारी खर्च	५,३४८	६,६८५	८,३५७
६. अन्य संचालन खर्च	४,१९१	४,६९८	५,७८१
७. सटही घटबढ नोक्सान	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा	६,२७८	६,५१९	७,८४१
८. सम्भावित नोक्सानी व्यवस्थाहरु	१,६४०	५३७	६६६
संचालन मुनाफा	४,६३८	५,९८२	७,१७४
९. गैर संचालन आम्दानी/खर्च	-	-	-
१०. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	४,६३८	५,९८२	७,१७४
११. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	४,६३८	५,९८२	७,१७४
१२. कर्मचारी बोनस व्यवस्था	४२२	५४४	६५२
१३. आयकर ब्यबस्था	-	९९३	१,९५७
यस वर्षको कर व्यवस्था	-	९९३	१,९५७
विगत वर्षसम्मको कर व्यवस्था	-	-	-
यस वर्षको स्थगन कर आम्दानी/खर्च	-	-	-
खुद मुनाफा/(नोक्सान)	४,२१७	४,४४५	४,५६५

नाफा–नोक्सान बाँडफाँड हिसाब

विवरण	प्रक्षेपित (रु.हजारमा)		
	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
आम्दानी			
१. गत वर्षसम्मको संचित मुनाफा	-	१,२६५	४,८१७
२. यस वर्षको मुनाफा	४,२१७	४,४४५	४,५६५
३. सटही घटबढ कोष	-	-	-
४. स्थगन कर	-	-	-
५. जगेडा कोष समायोजन	-	-	-
६. गत बर्षको संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट फिर्ता रकम	-	४२	४४
७. गत बर्षको ग्राहक संरक्षण कोषबाट फिर्ता रकम	-	४२	४४
८. गत सालको शेयर प्रिमियम	-	-	-
जम्मा	४,२१७	५,७९५	९,४७१
खर्च			
१. गत वर्षसम्मको संचित नोक्सान	२,०२४	-	-
२. यस वर्षको नोक्सान	-	-	-
३. साधारण जगेडा कोष	८४३	८८९	९१३
४. भैपरी आउने जगेडा	-	-	-
५. संस्था विकास कोष	-	-	-
६. लाभांश समिकरण कोष	-	-	-
७. कर्मचारी सम्बन्धी जगेडाहरु	-	-	-
८. प्रस्तावित लाभांश	-	-	-
९. प्रस्तावित बोनस शेयर	-	-	-
१०. विशेष जगेडा कोष	-	-	-
११. सटही घटबढ कोष	-	-	-
१२. पूँजी फिर्ता जगडा कोष	-	-	-
१३. पूँजी समायोजन कोष	-	-	-
१४. अन्य (स्थगन कर जगेडा)	-	-	-
१५. लगानी समायोजन कोष	-	-	-
१६. गत वर्ष सम्बन्धी समायोजन	-	-	-
१७. सामाजिक उत्तरदायित्व कोष	४२	४४	४६
१८. ग्राहक संरक्षण कोष	४२	४४	४६
१९. कर्मचारीहरुको दक्षता अभिवृद्धि कोष	-	-	-
जम्मा	२,९५१	९७८	१,००४
संचित मुनाफा/(नोक्सान)	१,२६५	४,८१७	८,४६७

सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन बर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ।

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
प्रति शेयर आम्दानी (EPS)	(३.४०)	(१८.६६)	(१८.६८)	२३.००	२२.२३	२२.८३
प्रति शेयर नेटवर्थ	९१.८५	८५.८२	६७.१४	१०२.३६	१२४.५८	१४७.४१
संचित मुनाफा/(नोक्सान) (रु.हजारमा)	(४६४)	(१६१७)	(३७४६)	१२६५	४८१७	८४६७

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.ब.०७३/०७४	आ.ब.०७४/०७५	आ.ब.०७५/०७६	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
चुक्ता पूँजी	५,७००	११,४००	११,४००	२०,०००	२०,०००	२०,०००
जगेडा तथा कोषहरु	(४६४)	(१,६१७)	(३,७४६)	४७१	४,९१७	९,४८२
कुल	५,२३६	९,७८३	७,६५४	२०,४७१	२४,९१७	२९,४८२
घटाउनेः अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	-	-	-	-	-	-
कुल नेटवर्थ	५,२३६	९,७८३	७,६५४	२०,४७१	२४,९१७	२९,४८२
शेयर संख्या (हजारमा)	५७	११४	११४	२००	२००	२००
प्रति शेयर नेटवर्थ (रु.)	९१.८५	८५.८२	६७.१४	१०२.३६	१२४.५८	१४७.४१
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	-८.८७%	-११.७८%	-२७.८१%	२०.६०%	१७.८४%	१५.४९%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				२०.२१%		

विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : -१६.१५%

संगठित संस्थाको प्रक्षेपित वित्तिय विवरण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री आर के एस एसोसियट्सका सिए श्री राजेश कुमार शाहले गर्नु भएको हो ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.ब.०७७/०७८	आ.ब.०७८/०७९	आ.ब.०७९/०८०
कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा)	२५.००%	२५.००%	२५.००%
कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा)	२१%	२५%	२५%
कुल कर्जा तथा निक्षेप+पूँजीकोष अनुपात (प्रतिशतमा)	८१.५८%	८४.२५%	८७.२०%
कुल आयमा औषत बृद्धिदर	३९.८४%	२१.२७%	२१.७४%
कुल खर्चमा औषत बृद्धिदर	२६.५३%	२०.०१%	२२.०६%
संचालन खर्च तथा कुल आम्दानी अनुपात	२९%	२९%	२९%
खुद मुनाफामा औषत बृद्धिदर	९१.०१%	५.४२%	२.७०%
निक्षेपको औषत ब्याजदर (प्रतिशतमा)	९.००%	९.००%	९.००%
कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा)	१६.००%	१६.००%	१६.००%
आयकर ब्यवस्था (प्रतिशतमा)	३०.००%	३०.००%	३०.००%
निस्क्रिय कर्जा सापट (प्रतिशतमा)	०.३०%	०.३०%	०.३०%
लगानी मा प्रतिफल	-	-	-
अन्य संचालन खर्चका वृद्धिदर	२४.२५%	१२.१२%	२३.०६%
कर्मचारी खर्चमा बृद्धिदर	२५.००%	२५.००%	२५.००%
% of Provision on Total Gross Loan	१.१८%	१.१८%	१.१८%
CRR	५.४४%	५.८५%	५.१२%
SLR	१३.२०%	१२.४४%	१५.४९%

- संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी वोनस व्यवस्थाको लागी छुट्टयाइएको छ ।
- आउंदो वर्षहरुको लागि बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागी व्यवस्था गरिएको छ।
- गत वर्षहरुको वास्तविक आंकडा तथा आउंदो वर्षको संचालन योजनाको आधारमा व्यवस्थापन द्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।
- पूँजी प्रयाप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ। जस अनुरुप पूँजीकोषको अनुपात आ.ब. २०७७/७८, २०७८/७९ र २०७९/८० को लागि क्रमशः ११.६६, ११.४५ र १०.९७ प्रतिशत र प्राथमिक पूँजीको अनुपात आ.ब. २०७७/७८, २०७८/७९ र २०७९/८० को लागि क्रमशः १०.७१, १०.५० र १०.०१ प्रतिशत हुनेगरि प्रक्षेपण गरिएको छ।
- कमिशन तथा अन्य सञ्चालन आम्दानी आ.ब. २०७७/७८, २०७८/७९ र २०७९/८० को लागि क्रमशः ३८२, १११ र १११ प्रतिशत कायम रहने अनुमान गरिएको छ।
- कर्मचारी खर्च आ.ब. २०७७/७८, २०७८/७९ र २०७९/८० को लागि क्रमशः १३५, २५ र २५ प्रतिशत कायम रहने अनुमान गरिएको छ।
- अन्य संचालन खर्च आ.ब. २०७७/७८, २०७८/७९ र २०७९/८० को लागि क्रमशः २४, १२ र २३ प्रतिशत कायम रहने अनुमान गरिएको छ।
- सम्भावित नोक्सानी आ.ब. २०७७/७८, २०७८/७९ र २०७९/८० को लागि क्रमशः ९०, २४ र २३ प्रतिशत कायम रहने अनुमान गरिएको छ।
- स्थिर सम्पत्ति मा आ.ब. २०७७/७८, २०७८/७९ र २०७९/८० को लागि क्रमशः २१४, १५६ र १४४ प्रतिशत कायम रहने अनुमान गरिएको छ।
- अन्य सञ्चालन खर्च आ.ब. २०७७/७८, २०७८/७९ र २०७९/८० को लागि क्रमशः २४, १२ र २३ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

वित्तीय प्रक्षेपणका प्रमुख आधारहरुको औचित्य

- निक्षेपमा औषत बृद्धिदर
  लघुवित्त वित्तीय संस्थाको शाखा कार्यलयहरुको बृद्धिसँगै ग्राहक सदस्यहरुको संख्यामा बृद्धि सहित बचतमा समेत बृद्धि हुने भएको हुनाले आ.व. २०७७/७८ मा २५% का दरले बृद्धि हुने प्रक्षेपण औचित्य पूर्ण रहेका छ। तत्पश्चात क्रमशः थप शाखा कार्यालयहरुको संख्यामा बृद्धि हुने भएकोले आ.व. २०७८/७९ मा २५% ले र आ.व. २०७९/८० मा २५% ले हुने निक्षेप बृद्धिको प्रक्षेपण यथार्थपरक रहेको छ।
- कर्जा तथा सापटमा औषत बृद्धिदर
  ग्राहक सदस्यहरुको संख्याको बृद्धिसँगै कर्जा तथा सापटमा पनि वृद्धि हुने भएकोले आ.व. २०७७/७८ मा २१% ले वृद्धि हुने प्रक्षेपण गरिएको छ। सोही बमोजिम आ.व. २०७८/७९ र आ.व. २०७९/८० मा क्रमशः २५% र २५% को वृद्धि प्रक्षेपण गरिएको छ।
- कूल आयमा औषत वृद्धि
  लघुवित्त वित्तीय संस्थाको कर्जा लगानीमा वृद्धि हुने भएकाले आ.व. २०७७/७८ मा कुल आयमा ३९.८४% ले वृद्धि हुने प्रक्षेपण गरिएको हो र आ.व. आ.व. २०७८/७९ मा शेयर पूँजी तथा कर्जा लगानीको वृद्धिको आधारमा आ.व. २०७८/७९ मा २१.२७ प्रतिशत तथा आ.व. २०७९/८० मा २१.७४ प्रतिशत कर्जा लगानीको वृद्धिको आधारमा वृद्धिको प्रक्षेपण गरिएको हो ।
- कूल खर्चमा औषत वृद्धि
  लघुवित्त वित्तीय संस्थामा कर्मचारीहरुको संख्यामा बृद्धिको साथै तलब भत्तामा भएको बृद्धि तथा बैंक वित्तीय संस्थाले कर्जा सापटीमा लिने ब्याजमा बृद्धि भएको कारणले गर्दा आ.व. २०७७/७८ मा कूल खर्चमा २६.५३% ले बृद्धि हुने प्रक्षेपण गरिएको छ। साथै आ.व. २०७८/७९ कूल खर्चमा २०.०१% ले बृद्धि हुने प्रक्षेपण गरिएको छ। बैंक तथा वित्तीय संस्थाको ब्याज दरमा केही प्रतिशत घट्ने अनुमान गरिएकोले आ.व. २०७९/८० मा २२.०६% ले कूल खर्चमा वृद्धि हुने प्रक्षेपण गरिएको छ।
- संचालन खर्च तथा कूल आम्दानी अनुपात संचालन खर्च र कूल आम्दानीमा गरिएको प्रक्षेपणको आधारमा नै संचालन खर्च तथा कूल आम्दानीको अनुपात प्रक्षेपण गरिएको छ।
- निक्षेपको औषत ब्याजदर प्रतिशतमा
  गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा संस्थाको वित्तीय प्रक्षेपणमा ग्राहकहरुबाट कर्जामा लिने व्याजदर तथा ऋण सापटीमा तिर्ने ब्याजको दरलाई समेत आधारमानी आ.व. २०७७/७८, आ.व. २०७८/७९ तथा आ.व. २०७९/८० मा क्रमशः ९ प्रतिशत हुने प्रक्षेपण गरिएको छ। उपरोक्त प्रक्षेपणका आधारहरुमा अन्य शिर्षकहरुमा सोही बमोजिम नै परिवर्तन हुने भएकाले सोही अनुरुप नै प्रक्षेपण गरिएको छ।
- गत वर्षहरुको वास्तविक आँकडा तथा आउँदो वर्षको संचालन योजनाको आधारमा लघुवित्त वित्तीय संस्थाको व्यवस्थापनद्धारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो। पूँजी पर्याप्तताको मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ।

१३. अन्तर्निहित जोखीम तथा सो व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/आयोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने।

वित्तीय संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम** : कर्जा लगानीमा अप्ठ्यारो पर्ने र निक्षेप रकमको भुक्तानी दिन समस्या पर्ने ।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम** : सो नभएको ।
(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम** :
- नयाँ लघुवित्त संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
- वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
- निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम** : सो नभएको ।
(ङ) **विदेशी विनिमयको जोखिम** : सो नभएको ।
(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु** : सो नभएको ।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम** :
- अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम** :
- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।

(झ) **सञ्चालन इतिहासको अभाव** : यस वित्तीय संस्थाले आफ्नो कारोवार २०७५/०१/२० गतेदेखि मात्र सञ्चालन गरेको हुँदा वित्तीय संस्थाको कारोवार सञ्चालनको इतिहास छोटो रहेको छ ।
(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम** : प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनका लागि तथ्याङ्कहरुको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेको छ ।
(ट) **अन्य** :
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :
वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ। वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ। त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१००/- प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१४. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गरेको धितोपत्रको संख्या र रकम :

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्र मध्ये १०० प्रतिशत ले हुन आउने ८६,००० कित्ता साधारण शेयरको लागि सानिमा क्यापिटल लिमिटेडबाट प्रत्याभूति प्रदान गराईएको छ।

१५. सकारात्मक पक्षहरु :

- बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्वारा संचालित ।
- स्थापनाको छोटो समयमै ग्राहक सुहाउँदो आकर्षक सेवा तथा कार्यक्रम साथै वित्तीय संस्थाको परिकल्पना अनुरुप स्थानीय स्तरमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग प्रणालीको विकास गर्न सकेको ।
- आर्थिक, राजनीतिक र प्रतिषर्धि बैंकिङ्ग ब्यवसाय सुहांउदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।

१६. धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यबस्था :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको ब्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।
१. शेयर बाँडफाँड गर्दा सर्बप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिने छ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँड गरिने छ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ।
४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारण लाई जानकारी गराइने छ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ। उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा रोक्का कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**
"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्बा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :**
निष्कासन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा व्यवस्था भए अनुसार बाँडफाँड गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरी गरिनेछ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :**
सो नभएको।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गराई कारोवार हुने व्यवस्था मिलाइनेछ।

१७. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, मलंगवा-१०, सर्लाही।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ।

१८. नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. यस संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय सर्लाही जिल्ला, मलंगवा नगरपालिका, वडा नं १० वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सहभागी बैंक तथा वित्तिय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी आस्बा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि न्युनतम १० कित्ता तथा सो ले भाग जाने संख्यामा अधिकतम ५,००० कित्ताका लागि आवेदन दिन सकिने छ।

१९. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

नेपाली नागरिकले यस विवरणपत्र मार्फत निष्कासन गरिने साधारण शेयर खरिदका लागि आवेदन दिँदा निम्न बमोजिमका प्रकृया तथा शर्तहरु पुरा गरेको हुनु पर्नेछ :

१. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट आवेदन दिन सकिनेछ।
२. आवेदकले आवेदन फारममा तोकिए बमोजिमका सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी बुझाउनु पर्नेछ।
३. दरखास्त दिँदा नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त आस्वा सदस्यले तोकेको ढाँचामा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु उल्लेख गरी दरखास्त दिनु पर्नेछ।
   (क) आवेदकको पूरा नाम (नेपाली तथा अंग्रजी दुबैमा),
   (ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,
   (ग) आवेदक विवाहित भएमा श्रीमान वा श्रीमतीको नाम,
   (घ) आवेदकको स्थायी ठेगाना,
   (ङ) आवेदकको सर्म्पक ठेगाना र टेलिफोन वा मोबाइल नम्बर,
   (च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर,
   (छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट खाता नम्बर) अनिवार्य रुपमा खुलाउनु पर्ने,
   (ज) आवेदकले लिन चाहेको शेयर संख्या तथा सो बापत जम्मा गरेको रकम,
   (झ) आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर)
४. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ।
५. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ। यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ।
६. रु. ५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ।

२०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :
निष्काशनबाट प्राप्त हुने कुल रकम तल उल्लेखित विभिन्न क्षेत्रहरुमा प्रयोग हुनेछ :

सि.नं.	विवरण	रकम (रु.)
१	भौतिक पुर्वाधार तथा शाखा विस्तार	रु.२०,००,०००/-
२	कृषी, पशुपालन, खुद्रा ब्यापार तथा सेवा ब्यवसाय कर्जा	रु.३१,००,०००/-
३	खुद्रा ब्यापार र सेवा कर्जा	रु.३०,००,०००/-
४	बाणिज्य बैक लगायत अन्य बित्तीय संस्थाहरुमा राखिने नगद	रु.५,००,०००/-

२१. निष्काशन बैंक (Bankers to the Issue) :

निष्काशित साधारण शेयरहरुको निष्काशन बैंक (Banker to the Issue) को रुपमा सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौंलाई तोकिएको छ।

२२. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ, वेवसाइट : www.siddharthacapital.com
२.	समाज लघुवित्त वित्तीय संस्था लिमिटेड, मंलगवा १०, सर्लाही। वेवसाइट : www.samajlaghubitta.org.np

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१	नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

२३. धितोपत्र बिक्री खुला अबधि :

निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन दिने अवधि १५ दिनको हुनेछ। आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर विवरणपत्रमा गरिएको व्यवस्था अनुसार कुनै पनि हालतमा ४ कार्य दिनभन्दा अगाडि शेयर खरीदको आवेदन लिने काम बन्द गरिने छैन।

२४. क्रेडिट रेटिङ्ग सम्बन्धी ब्यवस्था :

यस लघुवित्त वित्तीय संस्थालाई कियर रेटिङ्ग नेपाल लिमिटेडले "CARE-NP B+ (Is) [Single B Plus (Issuer)] " रेटिङ्ग प्रदान गरेको छ। (Issuers with this rating are considered to offer high risk of default regarding timely servicing of financial obligations, in Nepal) सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ण) मा उल्लेख गरिएको छ।
रेटिङ्ग प्रदान गरेको मिति : जुलाई २४, २०२० रेटिङ्ग बहाल रहेन अबधीः रेटिङ्ग प्रदान गरेको मितिले १ (एक) वर्ष।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानी कर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री रिकेश श्रेष्ठलाई फोन नं.: ०१४४२०९२४ मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन्।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Siddhartha Capital Limited
Investing happiness

सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५, फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com